प्रदेश सरकार
प्रदेश नं. २
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

गौर, रौतहट

Email: dadorautahat@gmail.com
Website: ackrautahat.p2.gov.np
Phone: 055-520001. 055-521519

## प्राङ्गारिक मल आपुर्तीका लागि शिलबन्दि दरभाउ पत्र पेश गर्ने सम्बन्धि सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०७८।०४।०९)**
**( संशोधन सहित प्रकाशित मिति २०७८।०४।१२ )**

यस कार्यालयको चालु आ. व. २०७७।०७८ को वार्षिक कार्यक्रम अनुसार ७५ प्रतिशत अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम रहेकोमा आवश्यक पर्ने प्राङ्गारिक मल खरिद गर्नुपर्ने भएको हुदाँ ईच्छुक आपूर्तिकर्ताले के कती दररेटमा उल्लेखित मल उपलब्ध गराउन सक्ने हो सो उल्लेख गरि सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२ बजे भित्र यस केन्द्रमा निम्न बमोजिमको शर्तहरु पालना हुने आधार सहित तोकिएको ढाँचामा शिलबन्दि दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपाल सरकारबाट स्वीकृत प्राङ्गारिक तथा जैवीक मल नियमन कार्यविधि २०६८ (संसोधन सहित) बमोजिम दर्ता भएको ।
२. फर्म/कम्पनी दर्ता, नविकरण, आ. व. २०७६।०७७ को कर चुक्ता प्रमाण पत्र ।
३. खरिद भएको शिलबन्दि दरभाउ पत्र स्पष्टरुपमा भरि आपूर्तिकर्ताले प्रत्येक पानामा सही छाप तथा सिलबन्दि गरि खाम बाहिर आपुर्तिकर्ताको नाम, ठेगाना र कामको विवरण प्रष्ट लेखि प्रथम पटक प्रकाशित मितिले १६ औ दिन दिनको १२:00 बजे सम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
४. दर्ता भएको शिलबन्दि दरभाउ पत्र १६ औ दिन, दिनको २:00 बजे सिलबन्दि दरभाउ पत्र दाताहरु वा निजको प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यायमा खोलिनेछ । सिलबन्दि दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दि दरभाउ पत्र खोल्न कुनै बाँधा पर्ने छैन् । म्याद नाघि आएको, रित नपुगेको र शर्त राखिएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।
५. आपुर्तिकर्ताले आफुले कबोल गरेका कुल रकमको कम्तीमा २. ५ प्रतिशतले हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, रौतहटको रा. वा. बैंक लि. को धरौटी खाता नं. १२१०१००२०२०३०००० (कार्यालय कोड : ३१२०१२००१२) मा जम्मा गरेको सक्कल भौचर वा जमानत प्राप्त बैंकबाट शिलबन्दि दरभाउ पत्रको अन्तिम मितिबाट लागु हुने गरि ७५ दिन म्याद सहित जारी भएको बिडबन्ड (बैंक ग्यारेन्टि) संलग्न गर्नुपर्नेछ ।
६. आपुर्ती गरिने मलको हरेक लटको आधिकारिक प्रयोशालाबाट जारि भएको प्रयोगशाला परिक्षण रिपोर्ट समेत पेश गर्नुपर्ने छ ।
७. शिलबन्दि दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
८. कार्यालयबाट स्वीकृत भएका आपूर्तिकर्ताहरुलाई ७५ प्रतिशत अनुदान रकम मात्र भुक्तानी हुनेछ र बाँकी २५ प्रतिशत रकम मल वितरणका छनौट भएका कृषक/कृषक समुह/कृषि सहकारी बाट भुक्तानी लिनुपर्नेछ ।
९. प्रस्ताव स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१०. विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।
११. अन्य व्यहोरा सार्वजनिक खरिद ऐन, नियमावली, प्राङ्गारिक मल अनुदान कार्यविधि २०७६ तथा नेपाल सरकारबाट स्वीकृत प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि २०६८ (संसोधन सहित) बमोजिम हुनेछ ।

| शिलबन्दि दरभाउपत्र | कामको विवरण | खरिद गरिने अनुमानित परिमाण | धरौटी रकम | जम्मा अनुमानित रकम | शिलबन्दि दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | प्राङ्गारिक मल खरिद गर्ने कार्य | ४८७८० के. जी. | लागत अनुमानको २. ५ को प्रतिशत | २०,००,०००।- | १०००।- |

विशेष जानकारीका लागि कृषि ज्ञान केन्द्र रौतहटको फोन नं. ०५५-५२०००१ वा वेवसाईट **akcrautahat.p2.gov.np**



चन्द्रभुषण झा
कार्यालय प्रमुख